# पञ्चकन्या गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### लाकुरीभञ्ज्याङ, नुवाकोट
वाग्मती प्रदेश, नेपाल
स्था. २०७३

प.स. २०७७/०७८ मिति:२०७८/०१/२०

च.न.

## अत्यन्त जरूरी सूचना !!!

विश्वव्यापी महामारीको रुपमा फैलिएको नयाँ प्रकारको कोभिड-१९ कोरोना भाईरसको संक्रमणको विषम् परिस्थितिलाई मध्यनजर गर्दै यस महामारीको जोखिम रोकथाम तथा नियन्त्रणका लागि जिल्ला स्तरीय विपद् व्यवस्थापन समिति र जिल्ला संकट व्यवस्थापन केन्द्रवाट भए गरेका निर्णय लाई अवलम्बन गरि नेपाल सरकारले गरेको निषेधाज्ञा अवधिभरको लागि यस पञ्चकन्या गाउँपालिका क्षेत्र भित्र तपशिल बमोजिम गर्नु गराउनुहुन पञ्चकन्यावासी एवं आम सरोकारवाला सम्पूर्णमा पञ्चकन्या गाउँपालिका हार्दिक अनुरोध गर्दछ ।

१. यस पञ्चकन्या गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्था, औषधी पसल एवं पेट्रोल पम्प वाहेकका अत्यावश्यक सेवा एवं वस्तुका खाद्यान्न पसलहरु ६:०० बजे देखि १०:०० बजे सम्म र बेलुकी ४:०० देखि ७:०० बजे सम्म मात्र खोल्ने ।

२. स्थानीय स्तरका मानिसहरुका जमघट हुनेगरि कुनै किसिमका सेवा संचालन, कार्यक्रम संचालन, समारोह, पर्व, जात्रा लगायतका धार्मिक तथा सांस्कृतिक भेलाजन्य गतिविधिहरु नगर्नु, नगराउनुहुन र सार्वजनिक स्थल, पार्टीपौवा, चौताराहरुमा अनावश्यक रुपमा जमघट तथा भेला हुने कार्य पूर्ण रुपमा बन्द गर्ने ।

३. यस पालिका क्षेत्रभित्रका अत्यावश्यक नभएको व्यवसायहरु जस्तै होटेल, रेष्टुरेण्ट, कपडा पसल आदि पूर्ण रुपले बन्द गर्ने ।

४. अत्यावश्यक कामका लागि अनुमति प्राप्त भएका वाहेकका सवारीसाधान संचालन गर्ने कार्य पूर्ण रुपले बन्द गर्ने ।

५. यस पालिकाभित्र लुकीछिपि वाहिरवाट कोही नागरिक प्रवेश गरेको र कोरोना भाईरसको संक्रमणको शंका भएका व्यक्तिको जानकारी भएमा पञ्चकन्या गाउँपालिकाको कार्यालय, जनप्रतिनिधि, स्वास्थ्य संस्था र स्थानीय प्रहरी सँग समन्वय गर्ने एवं जानकारी गराउने ।

६. सार्वजनिक तथा निजी यात्रुवाहक सवारी साधन संचालन गर्न नपाईने ।

७. खाद्यवस्तु, पानी तथा अत्यावश्यक सामाग्री वोकेका ढुवानीका सवारी साधन, विरामी तथा कुरुवा (बढीमा २ जना ) बोकेका एम्बुलेन्स, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन वाहेक अन्य सवारी साधनमा रोक लगाउने ।

८. नेपाल सरकारले तोकेको मापदण्ड विपरीत बढी भिडभाड हुने गरि व्यापार, व्यवसाय, निर्माण कार्य गर्ने र श्रमिकहरुको ओसारपसार तथा प्रयोग गर्न नपाईने ।

९. तोकिएको स्वास्थ्य सुरक्षा मापदण्ड पालना नगरि/नगराई संचालन अनुमति प्राप्त सवारी साधन प्रयोग तथा संचालन गर्न नपाईने ।

**यस जोखिमवाट बच्न माथि उल्लेख गरिएको सूचना पालना गरि रोकथाम नियन्त्रणमा सजक एवं क्रियाशिल रहन जानकारी गराइन्छ । साथै यो सूचनाको वेवास्था गरी उल्लङ्घन् गरेमा प्रचलित कानुन बमोजिम आवश्यक कारवाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।**

**नरेश पुडासैनी**
**प्रमुख प्रशासकीय अधिकृत**
नरेश पुडासैनी
प्रमुख प्रशासकीय अधिकृत